नेपाल सरकार

# चिकित्सा शिक्षा आयोग

☎ ०१-६६२०९७६, ६६२०९०८
६६२०२७३, ६६२०९७४, ६६२०९७५
वेबसाईट: www.mec.gov.np
ईमेल: info@mec.gov.np

पत्र संख्या:-
चलानी नं.:-

सानोठिमी, भक्तपुर ।

## शिक्षण शुल्क सम्बन्धमा स्पष्ट पारिएको सम्बन्धी चिकित्सा शिक्षा आयोगको सूचना

शैक्षिक सत्र २०७७/७८ का लागि लिइएको स्नातक तहको एकीकृत प्रवेश परीक्षाको योग्यताक्रमका आधारमा विश्वविद्यालय मार्फत विभिन्न शिक्षण संस्थाहरूमा भर्ना भएका विद्यार्थीहरूलाई शिक्षण संस्थाले विभिन्न शीर्षकमा अतिरिक्त शुल्क लिएको भनी यस आयोगमा प्राप्त भएका निवेदन तथा विश्वविद्यालयहरूको समेत शिक्षण शुल्कको विषयमा स्पष्ट पार्न अनुरोध भई आएकाले देहाय बमोजिम स्पष्ट पारिएको व्यहोरा सम्बन्धित सबैमा सूचित गरिन्छ ।

क) राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा २ (क) बमोजिम शिक्षण संस्थाले चिकित्सा शिक्षाको अध्ययन अवधिभरमा लिने भर्ना, शिक्षण, प्रयोगशाला, पुस्तकालय, सामुदायिक तालीम वा परीक्षा शुल्क लाई बुझाउने भएकाले शिक्षण शुल्क भित्र विश्वविद्यालय रजिष्ट्रेशन शुल्क, आन्तरिक तथा विश्वविद्यालय परीक्षा शुल्क, फरेन्सिक पोष्टिङ, फिल्ड भिजिट, इन्टर्नशीप शुल्क, आवेदन शुल्क र सम्बन्धन शुल्क जस्ता विद्यार्थीहरूको पढाई पूरा गर्न आवश्यक पर्ने शैक्षिक क्रियाकलापजन्य शुल्क समेत समावेश भएको हुनाले सो विषयमा थप शुल्क नलाग्ने ।

ख) काउन्सिल रजिष्ट्रेशन जस्ता शुल्क विद्यार्थी स्वयंले सम्बन्धित काउन्सिलमा बुझाउन सक्ने ।

ग) शिक्षण संस्थाको होस्टेल, मेस जस्ता शुल्क विद्यार्थीको ऐच्छिक विषय हुने ।

घ) कानून सम्मत बाहेक अनिवार्य नभएका विषयमा अनिवार्य भनी अतिरिक्त शुल्क लिंदा छात्रवृत्ति तर्फ भर्ना हुने लगायत अतिरिक्त आयश्रोत नभएका विद्यार्थी समेत पढाई बाट वञ्चित हुने स्थिति सिर्जना हुने भएकाले माथि उल्लेख भएजस्ता शुल्क नलिन र यस्तो अवस्था सिर्जना गरिएको अवस्थामा सम्बन्धित नियामक निकाय आकर्षित हुने तथा राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ का दफा ५४ को उपदफा ५ समेत आकर्षित हुने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

मिति: २०७८/०५/०७

योजना समन्वय तथा प्राज्ञिक उन्नयन निर्देशनालय